प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.सं. : ०७६/७७(अर्गानिक कृषि कार्यक्रम)

च.नं. :

## अर्गानिक कृषि विज्ञ, अर्गानिक कृषि प्रमाणीकरण, रैथाने बाली प्रवर्द्धन तथा बजारीकरण संलग्न संघसंस्था/उद्यमी/फार्म/कम्पनी सुचिकृत हुने सम्बन्धी सूचना।

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७६/१०/१९

कर्णाली प्रदेश सरकारको पहिलो बैठकबाट अर्गानिक कृषिका आधार गर्दै रैथाने बाली संरक्षण गर्ने महत्वपूर्ण निर्णय गरेको छ । यस निर्णयको प्रभावकारी कार्यान्वयन गर्न अर्गानिक कृषि विकास तथा रैथाने बाली प्रवर्द्धनमा संलग्न अर्गानिक कृषि विज्ञ, रैथाने बालीको प्रवर्दन र अर्गानिक कृषि प्रमाणीकरण गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था/कम्पनिको साथै अर्गानिक कृषि उपजको बजारीकरण गरिरहेका उधमिहरुसंग समन्वय र सहकार्यको महत्वपूर्ण भूमिकालाई मध्यनजर गर्दै रोस्टर तयार गर्नुपर्ने भएकोले सुचिकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५(पैतिस) दिनभित्र इच्छुक अर्गानिक कृषि विज्ञ, रैथाने बालीको प्रवर्दन र अर्गानिक कृषि प्रमाणीकरण गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्यमी/फार्म/संघसंस्था/कम्पनीको साथै अर्गानिक कृषि उपजको बजारीकरण गरिरहेका उधमिहरुले तपसिलको कागजातसहित मन्त्रालयमा पेश गर्न वा मन्त्रालयको इमेल molmacp6@gmail.com मा पठाई सुचिकृत हुन आव्हान गरिएको छ।

तपसिलः

१) अर्गानिक कृषि विज्ञको हकमा बायोडाटा ।

२) रैथाने बालीको प्रवर्द्धन गरिरहेका उद्यमी/फार्म/संघसंस्था/कम्पनि हकमा संस्था/कम्पनिको प्रोफायल र दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि ।

३) अर्गानिक कृषि प्रमाणीकरण गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्यमी/फार्म/संघसंस्था/कम्पनि तथा अर्गानिक कृषि उपजको बजारीकरण गरिरहेका उधमिहरुको हकमा संस्था/कम्पनिको प्रोफायल र दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि ।

२०७६/१०/१९

राजेन्द्र प्रसाद भारी

सचिव

"सक्षम निजामति प्रशासनः विकास, समृद्धि र सुशासन"
टेलिफोन नं: ०८३-५२००८२, ०८३-५२०९३७, फ्याक्स नं: ०८३-५२०२७३
ईमेल:-molmacp6@gmail.com